# John Zumbrunnen लाई *UW–Madison* को प्रोभोस्ट तथा शैक्षिक मामिलाका उपकुलपति घोषणा गरियो

**म्याडिसन, विस्कन्सिन - मार्च ९, २०२६ -** John Zumbrunnen लाई *University of Wisconsin–Madison* को प्रोभोस्ट तथा शैक्षिक मामिलाका उपकुलपति कुलपति Jennifer L. Mnookin ले आज घोषणा गर्नुभयो।

प्रोभोस्ट विश्वविद्यालयका एक प्रमुख शैक्षिक अधिकारी अनि दोस्रो श्रेणीका अधिकारी हुन्, जसले यहाँको शिक्षा, अनुसन्धान तथा आउटरिचको उद्देश्यलाई समर्थन गर्दछन्।

Charles Isbell Jr. *University of Illinois Urbana- Champaign* को कुलपति हुनका लागि आफ्नो पद छोड्नुभएपछि Zumbrunnen ले २०२५ सालको जुन महिनादेखि अन्तरिम प्रोभोस्टको रूपमा काम गर्दै आउनुभएको छ।

"John Zumbrunnen एक उत्कृष्ट शैक्षिक अगुवा हुनुहुन्छ र विस्कन्सिन विचार, साझा प्रशासन, विद्यार्थी सफलता र अनुसन्धान तथा शिक्षाका उत्कृष्टता प्रतिको वहाँको बलियो प्रतिबद्धताका जटिल मुद्दाहरूको विस्तृत दायरामा आफ्नो विचारशील संलग्नता मार्फत हाम्रा विद्यार्थी, संकाय र कर्मचारीहरूको व्यापक विश्वास जित्नुभएको छ।" Mnookin भन्नुहुन्छ।

Mnookin ले अङ्ग्रेजी प्राध्यापक Russ Castronovo, जसले प्रोभोस्ट खोज समितिमा अध्यक्षको रूपमा काम गर्नुभयो, वहाँलाई र अन्तर्वार्ता, सार्वजनिक प्रस्तुति र प्रतिक्रियामा सहभागी समितिका सबै सदस्यहरू तथा कैयौँ संकाय, कर्मचारी र विद्यार्थीहरूलाई भवदीय कृतज्ञता पनि व्यक्त गर्नुभयो।

वहाँले *UW–Madison* मा बिताउनुभएको लगभग १८ वर्षमा, Zumbrunnen ले विभिन्न शैक्षिक तथा प्रशासनिक नेतृत्वका कार्यपदहरूमा काम गर्नुभएको छ। अन्तरिम प्रोभोस्टको रूपमा काम गर्नु अघि, वहाँले शैक्षिक मामिलाका वरिष्ठ उपप्रोभोस्टको रूपमा काम गर्नुभयो। त्यस अघि, वहाँ शिक्षा र सिकाइका उपप्रोभोस्ट हुनुहुन्थ्यो, जहाँ वहाँले *Teaching and Learning* विभागको निरीक्षण तथा स्थापनामा सहयोग गर्नुभएको थियो। Zumbrunnen ले पहिला राजनीतिक विज्ञान विभागको अध्यक्षको रूपमा पनि काम गर्नुभएको छ।

यस कार्यपदका लागि [राष्ट्रिय खोज] पछि Zumbrunnen लाई तीन अन्तिम उम्मेदवारहरू मध्येबाट छानिएको थियो।

"यस एकदमै राम्रो विश्वविद्यालयको प्रोभोस्टको रूपमा काम गर्न पाउँदा म साँच्चै नै सम्मानित महसुस गर्दछु।" Zumbrunnen भन्नुहुन्छ। "क्याम्पसमा लगभग दुई दशक पछि पनि, *UW–Madison* को अवस्था र यसले गर्ने कामको बारेमा म अझै पनि सिक्दैछु र विस्मयमा हुन्छु।"

"म विस्कन्सिन विचारको महत्त्वपूर्ण कामलाई निरन्तर गर्न उत्साहित छु, जसले मलाई आधारभूत महत्त्वको रूपमा मात्र नभई संसारमा अनुसन्धान, शिक्षा तथा सेवा मार्फत सकारात्मक प्रभाव सिर्जना गर्न बाह्रमासे चुनौतीको रूपमा निर्देशन पनि प्रदान गर्नेछ।"

प्रोभोस्ट तथा शैक्षिक मामिलाका कार्यकारी उपकुलपति विश्वविद्यालयको समग्र शैक्षिक नेतृत्व र प्रशासनिक व्यवस्थापनमा कुलपतिको सहायक हुन्।

अङ्ग्रेजी भाषामा पूरा संस्करण: https://news.wisc.edu/john-zumbrunnen-named-uw-madison-provost-and-executive-vice-chancellor-for-academic-affairs/